अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

दोरम्बा गाउँपालिकाद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्डः २ | संख्याः १

मितिः २०७५/१२/१८

भाग-१

दोरम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
३ नं. प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम दोरम्बा गाउँसभाले बनाएको तल उल्लेख गरिए बमोजिमको कानुन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

गाउँ सभाबाट स्वीकृत मिति २०७५/१०/२९

# दोरम्बा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

Scanned with CamScanner

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दोरम्बा गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :-**

(१) यो ऐनको नाम दोरम्बा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन दोरम्बा गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :-**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "ऐन" भन्नाले दोरम्बा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले दोरम्बा गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका"भन्नाले दोरम्बा गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार :-**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त दोरम्बा गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका,कार्यविधि र मापदण्ड बनाउन सक्ने:-**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही दोरम्बा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner